# आँधीखोला गाउँपालिकाको
# टेम्पो अटो रिक्सा, रिक्सा व्यवस्थापन कार्यविधि,२०७७

कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।१२।०४

## आँधीखोला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

कृषि, स्याङ्जा

# आँधीखोला गाउँपालिकाको

# टेम्पो अटो रिक्सा, रिक्सा व्यवस्थापन कार्यविधि,२०७७

आँधीखोला गाउँपालिकाका बजार क्षेत्र, बस्ती क्षेत्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा गाउँपालिकाका अन्य विभिन्न स्थानहरूमा आवतजावत गर्न ठूला सवारी साधनको अभाव एवं प्राप्त टेक्सी लगायतका साना सवारी साधनहरू प्रयोग गर्दा अति महँगो पर्न गइ सर्वसाधारण मर्कामा परि रहेकोले सस्तो, शुलभ सवारी साधनहरू जस्तै टेम्पो, रिक्सा, अटो रिक्सा, इ-रिक्सा आदि संचालन गर्नुपर्ने महसुस भएको र स्थानीय सरकार संचालन ऐन २०७४ मा टेम्पो, रिक्सा, अटो रिक्सा, इ-रिक्सा आदि संचालनको अनुमति दिने, रुट कायम गर्ने तथा भाडादर निर्धारण गर्ने सम्बन्धी कार्य कार्यपालिकाले गर्ने गरी व्यवस्था गरेको छ ।उक्त अधिकारको प्रयोग गरी कार्यविधि स्वीकृत गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ ले दिएको अधिकार प्रयोग गरी आँधीखोला गाउँपालिकाले यो कार्यविधि बनाइएको छ ।

## <u>परिच्छेद १</u>

१) यो कार्यविधिको नाम "**आँधीखोला गाउँपालिकाको टेम्पो,अटो रिक्सा,रिक्सा व्यवस्थापन कार्यविधि २०७७**" हुनेछ ।

२) यो कार्य विधि कार्यपालिकाको बैठकबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

३) परिभाषा :

(क) शहरी सडक भन्नाले यस गाउँपालिकाबाट बनाइएको, विस्तार गरिएको तथा गाउँपालिकालाई मर्मत सम्भार गर्न हस्तान्तरण भै आएका सडक सम्झनु पर्दछ ।

(ख) सवारी साधन भन्नाले प्रचलित ऐन,नियम बमोजिम गाउँपालिकाले व्यवस्थापन गर्न अधिकार प्राप्त गरेका रिक्सा, अटो रिक्सा, ई रिक्सा, टेम्पो आदी सम्झनु पर्दछ ।

(ग) कार्यविधि भन्नाले **आँधीखोला गाउँपालिकाको टेम्पो अटो रिक्सा,रिक्सा व्यवस्थापन कार्यविधि,** २०७७ सम्झनु पर्दछ ।

(घ) रुट अनुमति तथा भाडादर निर्धारण समिति भन्नाले कार्यविधिको नियम ७ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ङ) सवारी धनी भन्नाले प्रचलित कानुन बमोजिम सवारी धनी अनुमति पत्र प्राप्त व्यक्ति तथा संस्था सम्झनु पर्नेछ ।

(च) कार्यालय प्रमुख भन्नाले यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) तोकिएको अधिकारी भन्नाले कार्यविधिको नियम १० बमोजिम तोकिएको अधिकारी सम्झनु पर्दछ ।

(ज) रुट इजाजत पत्र भन्नाले कार्यविधिको नियम ११ बमोजिमको इजाजत पत्र सम्झनु पर्दछ ।

(झ) भाडादर भन्नाले गाउँपालिकाले तोकेको भाडादर सम्झनु पर्दछ ।

## परिच्छेद २

**४)अनुमति विना सञ्चालन गर्न नपाइने :**

क) यस गाउँपालिका क्षेत्रमा यो कार्यविधि बमोजिम अनुमति पत्र नलिई हल्का सवारी साधन संचालन गर्न पाइने छैन । यस गाउँपालिकामा सवारी साधन संचालन गर्न चाहने सवारी धनीले अनुसूची १ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

ख) निवेदन प्राप्त भए पश्चात् आवश्यक कारबाहीको लागि योजना शाखामा जाँचबुझको लागि पठाइनेछ ।

**५) आवश्यक कागजात पेश गर्नुपर्ने:**

सवारी साधन संचालन गर्न चाहने सवारी धनीले अनुसूची १ बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिंदा निम्नअनुसारका कागजात संलग्न गर्नुपर्ने छ ।

क) सवारी साधन धनी व्यक्ति नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ख) सवारी साधन धनी फर्मको, फर्म दर्ता प्रमाणपत्र, कर दर्ता तथा कर चुक्ता र नवीकरणको प्रमाण

ग) सवारी साधन दर्ता प्रमाण (बिल बुक)

घ) सवारी चालकको नियुक्ति (लाइसेन्स सहित)

ङ) तेस्रो पक्ष बिमा, यात्रु बिमा गरेको प्रमाण

**६)इजाजत पत्र दिन सकिने :**

नियमानुसार आवश्यक कागजात सहित पेश भएको निवेदनलाई कार्यालयले रुट इजाजत तथा भाडादर निर्धारण समितिमा पेश गर्नेछ । समितिले आवश्यक ठानेमा इजाजत दिन कार्यालयलाई सिफारिस गर्नेछ । यसरी सिफारिस गर्दा समितिले यातायातको वर्तमान अवस्था, आवश्यकता, औचित्यता, सर्वसाधारणलाई पुग्ने सुविधा आदि विषय खुलाउनु पर्नेछ । समितिले गरेको सिफारिस उपर कार्यालयले आवश्यक कागजात जाँचबुझ गरी इजाजत पत्र उपलब्ध गराउन सक्नेछ ।

**७) रुट इजाजत तथा भाडादर निर्धारण समिति :**

रुट इजाजत तथा भाडादर निर्धारण सम्बन्धी सिफारिस गर्न देहाय बमोजिम समिति हुनेछ ।

संयोजक उपाध्यक्ष

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : पूर्वाधार विकास समिति संयोजक

सदस्य : गाउँ कार्यपालिका सदस्य मध्ये गाउँपालिका अध्यक्षबाट मनोनीत २ जना महिला

सदस्य : सवारी धनी मध्ये गाउँ कार्यपालिकाले तोकेको प्रतिनिधि जना १ ।

सदस्य : संघीय वा प्रादेशिक सरकार अन्तर्गतको स्थानीय ट्राफिक प्रहरी कार्यालयको प्रमुख ।

सदस्य : उपभोक्ता मध्येबाट गाउँ कार्यपालिकाले तोकेको प्रतिनिधि जना १ ।

सदस्य सचिव : योजना शाखा प्रमुख ।

समितिले आवश्यक ठानेमा स्थानीय संघीय तथा प्रादेशिक कार्यालयका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**८) रुट इजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकार :**

रुट इजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रचलित ऐन,कानुन प्रतिकूल नहुने गरी स्थानीय सडकहरूको भाडादर निर्धारण गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ख) प्रचलित ऐन कानुन बमोजिमका मापदण्ड पुरा गरी आएका सवारी धनीलाई सवारी चाप, यात्रीको चाप मुल्यांकन गरी रूप इजाजत दिन सिफारिस गर्ने ।

(ग) रुट इजाजत परिवर्तन गर्न चाहने सवारी धनीलाई नियम ७ (ख) बमोजिम मुल्यांकन गरी प्रतिवेदन दिने ।

(घ) पटक पटक कार्यविधि उल्लङ्घन गर्ने सवारी साधनको रुट इजाजत खारेज गर्न सिफारिस गर्ने ।

(घ) गाउँ कार्यपालिकाले तोकि दिएका अन्य कार्य गर्ने ।

९) इजाजत समितिबाट सिफारिस भै गाउँ कार्यपालिकाबाट स्वीकृत भाडादर सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

१०) सवारी साधन रुट निर्धारण समितिबाट सिफारिस भै आएका सवारी साधनको अभिलेख राखी तोकिएको दस्तुर तिरेको रसिद संलग्न राखी तोकिएको अधिकारीले टिप्पणी लेखी कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

११) नियम १० बमोजिम प्राप्त भए पछि प्रमुख प्रशासकीय अधिकृतबाट अनुसूची २ बमोजिम सवारी रुट इजाजत पत्र दिनेछ ।

**१२) गाउँपालिकाले पालना गर्नुपर्ने कुराहरू**

- इजाजत पत्र माग निवेदन उपर जाँचबुझ गर्ने
- जाँचबुझ पछि इजाजत प्रदान गर्ने अवस्था भएमा इजाजत दिने र नदिने भए कारण सहित लिखित जानकारी गराउने ।
- रुट निर्धारण गरिदिने
- रुटहरूको समय समयमा मर्मत सम्भार गर्ने ।
- भाडादर निर्धारण गर्ने ।
- आवश्यक समन्वय गर्ने ।

**१३) सवारी धनीले पालना गर्नुपर्ने कुराहरू**

सवारी धनीले इजाजत प्राप्त गर्नु अघि र इजाजत प्राप्त गरिसकेपछि निम्न काम कर्तव्यहरू पुरा गर्नु पर्नेछ ।

- निवेदन साथ तोकिएका आवश्यक कागजात पेश गर्नु पर्नेछ
- तोकिएको भाडादर मात्र लिनु पर्नेछ । भाडादर यात्रुले देख्ने गरी सवारी साधनमा राख्नु पर्नेछ ।
- यात्रुहरू सँग सरल र नम्र व्यवहार गर्न लगाउनु पर्नेछ ।
- तोकिएको रुटमा मात्र सवारी चलाउनु पर्नेछ ।

- ❖ गाउँपालिकाबाट तोकिएको दर्ता तथा नवीकरण दस्तुर समयमा नै बुझाउनु पर्नेछ ।
- ❖ सवारी चालक, यात्रु तथा तेस्रो पक्ष बिमा गराउनु पर्नेछ ।
- ❖ इजाजत पत्रमा तोकिएको संख्यामा मात्र यात्रु राख्नु पर्नेछ ।
- ❖ सवारीसाधनबाट उत्पादन हुने फोहोर वस्तुहरू सार्वजनिक स्थानमा फाल्न पाइँदैन ।

**१४) इजाजत पत्रको खारेजी**

सवारी धनी तथा सवारी चालकले यस कार्यविधि विपरीत कार्य गरेमा तथा प्रचलित अन्य यातायात व्यवस्था सम्बन्धी कानुन उल्लङ्घन गरेमा समितिको सिफारिस बमोजिम खारेज गर्न सिफारिस भै आएका सवारी साधनको इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृतले खारेजी गर्न सक्नेछ र सोको अभिलेख अद्यावधिक गर्न लगाउनेछ । खारेजी गर्नु अघि सम्बन्धित सवारी धनीलाई सफाइ पेश गर्ने मौका दिन सकिनेछ ।

## परिच्छेद ३

**१५) रुट इजाजत तथा नवीकरण दस्तुर**

क) वार्षिक सवारी रुट इजाजत दस्तुर प्रति सवारी देहाय बमोजिम हुनेछ । हरेक आर्थिक वर्षमा नवीकरण गर्न पर्नेछ । नवीकरण दस्तुर गाउँपालिकाको आर्थिक ऐनमा समेत तोकिनेछ ।

- रिक्सा - १०००।
- अटो रिक्सा - २०००।
- ई-रिक्सा - १५००।
- टेम्पो - ५०००।

१६) यस कार्यविधि बमोजिम रुट अनुमति नलिई सवारी साधन संचालन गरेमा प्रमुख प्रशासकीय अधिकृतबाट रु १०,०००। सम्म जरिबाना हुन सक्नेछ । प्रचलित कानुनमा अन्य सजायको व्यवस्था भएमा सो समेत हुनेछ ।

१४) प्रमुख प्रशासकीय अधिकृतबाट तोकिए बमोजिमको भाडादर भन्दा बढी भाडा लिएमा पटकै पिच्छे रु १०,०००। सम्म जरिबाना हुनेछ ।

१७) प्रमुख प्रशासकीय अधिकृतबाट भएको जरिबाना तथा कारबाहीमा मा चित्त नबुझेमा गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

# अनुसूची १

मिति : ................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
आँधीखोला गाउँपालिकाको कार्यालय, कृषि ।

**विषय सवारी रुट अनुमति पाउँ ।**

उपरोक्त विषयमा देहाय बमोजिम विवरण भएको मेरो/ हाम्रो नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको रिक्सा, ई रिक्सा, अटो रिक्सा टेम्पो निम्न रुटमा संचालन गर्न अनुमति पाउन दरखास्त बापत रु १०। को रसिद संलग्न राखी निवेदन गरेको छु/ छौं ।

<u>सवारी साधनको</u>

सवारी साधनको किसिम :
सवारी दर्ता नं र दिने कार्यालय :
चेसिस नं :
इन्जिन नं :
मोडल :
बनेको साल :
यात्रु सिट संख्या :

<u>सवारी धनीको</u>

नाम :
ठेगाना :
संस्था भए दर्ता विवरण :

**<u>संचालन गर्न माग गरेको रुट :</u>**

**<u>संलग्न कागजात</u>**

सवारी धनी दर्ता प्रमाणपत्र
नेपाली नागरिकताको प्रमाणपत्र
विदेशी भएमा अनुमति पत्र
संस्था भए दर्ता प्रमाणपत्र

प्रचलित ऐन कानुनमा व्यवस्था भएका र कार्यविधिमा भएका सम्पूर्ण प्रावधानहरू पालना गरी सवारी व्यवसाय संचालन गर्नेछु । यसमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुट्टा ठहरेमा ऐन कानुन बमोजिम सहुँला बुझाउला ।

आवेदकको नाम :
दस्तखत :

# अनुसूची २

## आँधीखोला गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## कृषि, स्याङ्जा ।

मिति :

इजाजत पत्र नं :

श्री

तपाइको नाममा दर्ता स्रेस्ता भएको देहायको विवरण भएको सवारी साधनलाई आ.व. ................... को लागि देहायको रुटमा सवारी साधन संचालन गर्न रुट इजाजत दिइएको छ । प्रचलित ऐन कानुनको अधीनमा रही सवारी संचालन गर्नु हुन अनुरोध छ ।

**सवारी साधनको विवरण**

सवारी साधनको किसिम :
सवारी दर्ता नं र दिने कार्यालय :
चेसिस नं :
इन्जिन नं :
मोडल :
बनेको साल :
यात्रु सिट संख्या:

**सवारी धनीको विवरण**

नाम :
ठेगाना :
संस्था भए दर्ता विवरण:

**संचालन गर्न अनुमति दिएको रुट :**

**संचालन गर्न अनुमति दिएको अवधि :**

रुट इजाजत पत्र प्रदान गने पदाधिकारीको

दस्तखत :
नाम :
पद :

# नवीकरण विवरण

| मिति | रसिद नं | नवीकरण अवधि | शाखा प्रमुख | अनुमति प्रदान गर्ने अधिकृतको दस्तखत र मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सुधिर कुमार पौडेल
अध्यक्ष
आँधीखोला गाउँपालिका
प्रमाणिकरण मिति :-२०७७/१२/०९